# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १० जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- सर्वोच्च न्यायालयले निर्वाचन आयोगको बिहारमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्यलाई जारी राख्ने अनुमति दिएको छ।
- जलपाइगढ़ीको विशेष पोक्सो आदलतले नाबालिगसित बलात्कार र हत्याको मामिलामा तीन जनालाई फांसीको सजाय सुनाएको छ।
- गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा आदिकवि भानुभक्त आचार्यको जन्म जयन्तीमा अन्तर विद्यालय रामायण पाठ प्रतियोगिता आयोजना गरिने भएको छ।
- बिजनबारीमा शब्द साधना मञ्च र साहित्य अकादेमी, नयाँ दिल्लीको संयुक्त आयोजनामा साहित्यिक कार्यक्रमको आयोजना हुने भएको छ।
- मौसम विभागले उत्तर बंगालको सबै जिल्लाहरुमा आउदो चार देखि पांच दिनसम्म मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षा हुने संभावना जताएको छ।

**सर्वोच्च न्यायालय-बिहार-निर्वाचन आयोग**

सर्वोच्च न्यायालयले निर्वाचन आयोगको बिहारमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण कार्यलाई जारी राख्ने अनुमति दिएको छ। न्यायालयले न्यायको हितमा निर्वाचन आयोगलाई भनेको छ वर्तमान पुनरीक्षण प्रक्रिया अवधि आधार, राशन कार्ड अनि मतदाता पहिचान पत्र जस्ता मुख्य पहिचान पत्रलाई स्वीकार गर्न विचार गर्न पर्नेछ। न्यायालयले भनेको छ बिहारमा निर्वाचन आयोग द्वारा गरिएको मतदाता सूचीको पुनरीक्षण कार्य संविधानको दायरामा छ तर न्यायालयले विशेष गहन पुनरीक्षण कार्यको समय माथि प्रश्न उठाएको छ। न्यायालयले भनेको छ पुनरीक्षण कार्य बिहार विधानसभा चुनावका लागि मात्रै किन भईरहेको छ, यसलाई पुरा  देशमा किन लागु गरिएको छैन। सर्वोच्च न्यायालयले निर्वाचन आयोगलाई यदी नागरिकता नै जांच गर्नु थियो भने पहिले नै गर्नुपर्ने बताएको छ।

BYTE

**मुख्यमंत्री ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जी आज रांचीमा गृह मंत्री अमित शाहको अध्यक्षतामा हुने पूर्वांचल क्षेत्रीय परिषदको बैठकमा सामेल नहुने निश्चित भएको छ ।कोलकाताको एक मंत्रीले बताउनु भए अनुसार मुख्यमंत्रीको अनुपस्थिति पुर्व निर्धारित कार्यक्रम भएको कारणले हो| राज्यको तर्फबाट वित्त राज्य मंत्री चंद्रिमा भट्टाचार्यले प्रतिनिधित्व गर्नुभयो|बैठकमा **चार पूर्वी राज्यहरु**- झारखंड, बिहार, ओडिशा अनि पश्चिम बंगालका 70 प्रतिनिधिले भाग लिनेछ।

**अनित थापा**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले गुरु पूर्णिमाको पावन अवसरमा शुभकामना दिनु भएको छ। आफ्नो आधिकारिक फेसबुक पोष्टमा श्री थापाले सबैको जीवनमा मार्गदर्शक बन्ने गुरुहरूप्रति श्रद्धा र कृतज्ञता व्यक्त गर्नुभएको छ।

**जलपाइगढ़ी विशेष पोक्सो आदलत**

जलपाइगढ़ीको विशेष पोक्सो आदलतले नाबालिगसित बलात्कार र हत्याको मामिलामा तीन जनालाई फांसीको सजाय सुनाएको छ।उल्लेख्निया छ, 2020 मा रहमान अली नामक एक व्यक्तिले नाबालिगलाई उसको घरबाट बोलाएर लगेको थियो। यसपछि रहमान अली र उसका दुई साथीले नाबालिगको साथ बलात्कार गरे पछि साक्ष्य मेटाउन नाबालिगको गला घोटेर हत्या गरिदिएको थियो। यसपछि शवलाई सेप्टिक ट्याङ्कमा लुकाइएको थियो। जलपाइगढ़ी जिल्ला राजगंज थाना पुलिसले जाँचपछि तीन आरोपीलाई पक्राउ गरिएको थियो।सरकारी वकील देबाशीष दत्ताले बताउनुभए अनुसार, पाँच सालको जाँच र सुनवाईपछि जज रिन्टू शूरले आज तीनै आरोपीलाई फांसीको सजाय सुनाएकी छन्।

**टिस्टा शव उद्धार**

टिस्टा क्यानलबाट एक अज्ञात व्यक्तिको शव आज एनजेपी थानाको पुलिसले उद्धार गरेको छ। प्राप्त जानकारी अनुसार बिहान स्थानीय मानिसहरूले फुलबाड़ीदेखि गाजोलडोबा जाने क्रममा छोबा-भिटा क्षेत्रमा टिस्टा क्यानलमा एउटा शवलाई देखे लगतै मानिसहरुले घटनाको सूचना एनजेपी थानाको पुलिसलाई दिइयो। खबर पाए लगत्तै पुलिस र एम्बुलेन्स घटनास्थलमा पुगेर टिस्टा क्यानलबाट शवलाई उद्धार गरेर शवलाई पोस्टमार्टम गर्नको लागि उत्तर बंगाल मेडिकल कलेज एवं अस्पतालमा पठाइदिएको छ। पुलिस शवको पहिचानमा जुटेको छ।

**आदि कवि भानुभक्त आचार्यको जन्म जयन्ती**

गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा यसपाली आदि कवि भानुभक्त आचार्यको जन्म जयन्तीमा अन्तर विद्यालय रामायण पाठ प्रतियोगिता आयोजना गरिने भएको छ। यस विषयमा गोर्खा जनपुस्तकालय खरसाङको मूल सचिव विनोद रसाइलीले आज खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्दै यसपाली पुस्तकालयको आयोजनामा आदि कविको जन्म जयन्ती पालनसितै खरसाङ क्षेत्रका विभिन्न विद्यालयहरुलाई लिएर अन्तर विद्यालय रामायण पाठ प्रतियोगिता आयोजना गरिने जानकारी गराउनु भयो। उहाँले यसका लागि विभिन्न विद्यालयहरुबाट अनलाइन आएको अडियोको आधारमा सातवटा विद्यालयहरु छनौट गरिएको जानकारी दिनुभयो। उहाँले खरसाङमा आयोजित भानु जयन्ती अन्तर्गत बिहान 10 बजी खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा रहेको आदि कवि भानुभक्त आचार्यको सालिगमा श्रध्दाञ्जली अर्पण कार्यक्रम आयोजना गरिने र 11 बजीदेखि खरसाङको पार्क लोकेशनस्थित सार्वजनिक भवनमा अन्तर विद्यालय रामायण पाठ प्रतियोगिता आयोजना गरिने बताउनुभयो।

**आदिकविको सालिग रंगरोगन**

कालेबुङ हिल पेन्टिङ सोसाइटीद्वारा बिहीवार त्रिकोण पार्कस्थित आदिकवि भानुभक्त आचार्यको सालिगमा रंगरोगन कार्य सम्पन्न गरियो। विगत धैरै वर्षदेखि यता प्रत्येक वर्ष नै कालेबुङका स्थानीय कलाकारहरूले सामाजिक उत्तरदायित्व स्वरूप आदिकविको सालिगलाई रंगरोगन गर्दै आइरहेका छन्। सोही परम्परालाई निरन्तरता दिँदै यस वर्ष पनि सोसाइटीको पहलमा उक्त कार्य गरियो। यस कार्यमा कालेबुङका विभिन्न कलाकारहरूको सक्रिय सहभागिता रहेको थियो। रंगरोगनपछि सोसाइटीको तर्फबाट सञ्जय दियालीले पत्रकारहरूसँग बोल्ने क्रममा कालेबुङ शहरभित्र रहेका अन्य ऐतिहासिक र सांस्कृतिक सालिगहरूको पनि संरक्षण आवश्यक रहेको जानकारी दिनुभयो।

**स्वतन्त्रता दिवस खर्साङ**

आगामी स्वतन्त्रता दिवसलाई लिएर खरसाङ नगरपालिकाको पहलमा आज खरसाङमा एक सभा सम्पन्न भएको छ। उक्त सभा खरसाङ नगरपालिकाको बोर्ड अफ् एडमिनिस्ट्रेशनको चेयरम्यान ब्रिगेन गुरूङको अध्यक्षतामा सम्पन्न भएको हो। सभामा आगामी स्वतन्त्रता दिवस समारोह पालनलाई लिएर विभिन्न सर सल्लाहहरु र कार्यक्रम विषयमा छलफल गरिएको छ। सभामा खरसाङ क्षेत्रमा रहेका विभिन्न विद्यालयहरुका विद्यालय प्रमुखहरु, विभिन्न संघ संस्थाहरुका प्रतिनिधिहरु र जनप्रतिनिधिहरु उपस्थित रहेका थिए। वक्ताहरुले आगामी स्वतन्त्रता दिवस समारोह विषयमा सल्लाह सुझावहरु राखिएको थियो। आगामी स्वतन्त्रता दिवस समारोहलाई लिएर यो पहिलो सभा भएकोले आगामी दिनमा अझ वृहत रुपमा सभाको आयोजना गरिने निर्णय गरिएको छ। सभाको निर्णय अनुसार यसपालीको स्वतन्त्रता दिवस समारोहमा खरसाङ महकुमा क्षेत्रमा रहेका विभिन्न विद्यालयहरुबाट यसपालीको दशौं र बाह्रौं श्रेणीको बोर्ड परीक्षामा उत्कृष्ट अंक ल्याएर उत्तीर्ण विद्यार्थीहरु, विभिन्न क्षेत्रमा विशिष्ट योगदान दिने खरसाङ क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, स्वतन्त्रता सेनानीका परिवारहरु, शहीदका परिवारहरु साथै अन्यहरुलाई सम्मान गरिने भएको छ।

**शब्द साधना मञ्च पुलबजार र साहित्य अकादेमी**

बिजनबारीमा शब्द साधना मञ्च र साहित्य अकादेमी, नयाँ दिल्लीको संयुक्त आयोजनामा, नेपाली साहित्यलाई केन्द्र गरि एक भव्य र बहुआयामिक साहित्यिक कार्यक्रमको आयोजना हुने भएको छ। आउँदो १९ जुलाई शनिबारको दिन पुलबजारको सार्वजनिक भवन, अपर लाइनमा हुने कार्यक्रममा नेपाली भाषाका स्थापित तथा नवप्रतिष्ठित लेखकहरूद्वारा कार्यपत्र प्रस्तुति तथा विचार आदानप्रदान गरिने आयोजक समितिले जनाएको छ। यसका साथै यस्तो प्रतिष्ठित एवं स्तरीय कार्यक्रम पुलबजारमा पहिलोपटक आयोजना हुन लागेको हो। कार्यक्रम दुई सत्रमा सम्पन्न हुने बताइएको छ। जसमा पहिलो सत्र ‘साहित्य मञ्च’ जो बिहान १० बजे सुरु हुनेछ भने "साहित्य मञ्च" कार्यक्रममा चारजना लेखकहरूले नेपाली साहित्यका विविध पक्षमा आफ्नो अध्ययन प्रस्तुत गर्नेछन्।यसैगरी कार्यक्रमको दोस्रो सत्र एम पथिकसँग विशेष भेटघाट केन्द्रित रहनेछ। जसमा प्रख्यात साहित्यकार एम पथिकसँग विशेष भेटघाट र अन्तरक्रिया हुनेछ। नेपाली साहित्यको योगदानमा महत्त्वपूर्ण स्थान राख्ने पथिकसँगको यो सजीव संवाद कार्यक्रमको अर्को आकर्षण हुने समेत आयोजक समितिले जनाएको छ।

**मौसम बिभाग**

मौसम विभागले उत्तर बंगालको सबै जिल्लाहरुमा आउदो चार देखि पांच दिनसम्म मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षा हुने संभावना जताएको छ। तथापि आज अनि भोलि बर्षको तीव्रतामा कमी आउँन सक्नेछ तर सप्ताहांतदेखि फेरी भारी वर्षाको चेतावनी जारी गरेको छ|अलीपुर मौसम विभागले मौसमको स्थितिको मध्यनजर अनावश्यक यात्राबाट बच्न अनि वर्षाको समय सतर्कता अपनाउन भनेको छ।

****** ० ******